# राष्ट्रिय मानव अधिकार आयोगका सदस्य श्री प्रकाश वस्तीले आयोगको १९ औं वार्षिकोत्सवको उपलक्ष्यमा दिनु भएको स्वागत मन्तव्य

यस समारोहका अध्यक्षज्यू,
सम्माननीय प्रधानमन्त्रीज्यू,

माननीय मन्त्रीज्यूहरु,

माननीय सभापति, कानून, न्याय तथा मानव अधिकार समिति, प्रतिनिधि सभा,

माननीय सांसदज्यूहरु,

संवैधानिक आयोग तथा निकायका प्रतिनिधिज्यूहरु,

आयोगका पूर्व अध्यक्ष तथा सदस्यज्यूहरु

निजामती तथा जंगी सेवाका प्रतिनिधिज्यूहरु,

मानव अधिकारकर्मी नागरिक समाजका अगुवाहरु,

कुटनीतिक नियोगका प्रतिनिधिहरु

पत्रकार समेत समस्त आमन्त्रित गन्यमान्यजन !

१९ वर्षको वय पार गरी २० वर्ष प्रवेशको सुखद क्षणमा हाम्रो हौसला बढाई प्रेरणा दिन पाल्नु भएका समस्त महानुभावहरु !

विगतको सिँहावलोकन, वर्तमानको समीक्षा र आगतका लागि योजनाका साथ प्रतिवद्धता प्रकट गर्नुमा नै आजको दिनको सार्थकता सिद्ध हुने छ ।

आफ्नो स्थापना कालदेखि नै मुलुकमा मानव अधिकारको संरक्षण, सम्वर्धन र प्रवर्द्धनका लागि कटिवद्ध रहदै आएको राष्टिय मानव अधिकार आयोगले यस क्षेत्रमा अझ बढी सजग, सचेत र क्रियाशील हुन यहाँहरु समक्ष प्रतिवद्धता प्रकट गर्दछ । यस क्षणमा यही २०७६ साल जेठ ८ गते दिवंगत हुनु भएका आयोगका संस्थापक अध्यक्ष नयनबहादुर खत्रीको योगदानलाई हामी स्मरण गर्न चाहन्छौँ । यसै गरी विगत वर्ष हामीलाई सदैवका लागि छाडेर जाने आयोगका सदस्य स्व.रामनगिना सिँहको योगदान पनि हाम्रो स्मरणमा सदैव रहिरहने छ ।

मानव अधिकारकर्मीहरुकै अथक प्रयास र दवावले स्थापना हुन पुगेको यस आयोग आफ्नो वयस्कता र परिपक्वत्तामा अभिवृद्धिका साथै दायित्वबोधको भारले पनि थिचिँदै गएको छ । यहाँहरुको यो उपस्थितिले हामीलाई मानव अधिकारको क्षेत्रमा अझ बढी जिम्मेवारीबोध गर्न ऊर्जा प्रदान गरेको छ ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा मुलुकको मानव अधिकारको छविलाई उज्यालो बनाउने जिम्मेवारीमा हामी कहिल्यै चुकेका छैनौं र चुक्ने पनि छैनौं । यो अठोट व्यक्त गर्न मानव अधिकार प्रति निष्ठा राख्ने महानुभावहरुको यो विद्वत भेला उपयुक्त ठाउँ हो भन्ने हाम्रो ठहर छ ।

मुलुकमा मानव अधिकार संस्कृतिलाई संस्थागत गर्दै लानु पनि आयोगको कर्तव्य हो । यो कर्तव्य निर्वाहको क्रममा विशिष्ठ योगदान पर्‍याउने व्यक्तिहरुलाई सम्मान र पुरष्कार गर्ने क्रमलाई यस वर्ष पनि केही परिवर्तनका साथ निरन्तरता दिएका छौं ।

जीवनको लामो खण्ड मानव अधिकारको क्षेत्रमा क्रियाशील रही विशिष्ठ योगदान पुर्‍याउनु हुने व्यक्तित्व आजको यस समारोहका प्रमुख अतिथि सम्माननीय प्रधानमन्त्रीज्यूबाट सम्मानीत हुनु हुनेछ । मोफसलमा बसेर मानव अधिकार र पत्रकारिताका क्षेत्रमा उल्लेख्य योगदान दिँदै जीवनको आठ दशक व्यतीत गरिसक्नु भएका व्यक्तित्वलाई यस वर्षका लागि सम्मानयोग्य पात्रका रुपमा आयोगले चुनेको छ ।

यसै गरी मानव अधिकारकै क्षेत्रमा आफ्नो उपलब्धिपूर्ण कार्यले योगदान पुर्‍याउनु हुने व्यक्तित्वलाई भविष्यमा समेत यस्तै कार्य गर्ने उत्साह मिलोस् भन्ने अपेक्षाका साथ पुरष्कृत हुनु हुनेछ । श्रव्य, दृश्य र छापाका माध्यमले मानव अधिकार उल्लंघनको घटनालाई सार्वजनिक गर्दै पीडितलाई राष्टिय तथा अन्तर्राष्टिय सहयोग जुटाउन सफल मानव अधिकारकर्मी, अनुसन्धानकर्ता, लेखक पत्रकार पनि हाम्रो वार्षिकोत्सवको यो समारोहमा प्रमुख अतिथिकै हातबाट आज पुरष्कृत हुँदै हुनु हुन्छ ।

आयोगका कर्मचारीको सक्रियता विना आयोगले कुनै ठोस उपलब्धि हासिल गर्न सक्दैन भन्ने मान्यताका साथ आज यस पुनीत दिनमा २०७५ सालमा आयोगका जिम्मेवारीमा उल्लेख्य भूमिका निभाउने तीन जना कर्मचारी पुरष्कृत हुनु हुनेछ ।

मानव अधिकारका क्षेत्रका विशिष्ठ व्यक्तिहरुको समुपस्थितिमा यी सम्मान र पुरष्कार प्रदान गरिनुबाट मुलुकको मानव अधिकारको संरक्षण र प्रवर्द्धनका लागि सकारात्मक सन्देश प्रवाहित गर्नेछ भन्ने कुरामा आयोग विश्वस्त छ ।

२०७५ सालमा आयोगले मुख्य रुपमा सम्पन्न गरेका कामको संक्षिप्त विवरण आयोगका माननीय अध्यक्षज्यूले आफ्नो संबोधनमार्फत यहाँहरु समक्ष निवेदन गर्नु हुनेछ । यसै गरी आउँदा दिनमा पनि आयोग आफ्ना संवैधानिक र कानूनी जिम्मेवारी पूरा गर्ने काममा दत्तचित्त भई क्रियाशील रहिरहने प्रण आजको यस महत्वपूर्ण घडीमा गर्न चाहन्छौं ।

अन्त्यमा, आयोगको आमन्त्रणलाई स्वीकार गरी आफ्नो व्यस्त समयबाट हामीलाई समय दिई हाम्रो खुशीयालीमा सरिक भई दिनु हुने सम्माननीय प्रधानमन्त्रीज्यू लगायत सबै आमन्त्रित महानुभावहरुलाई आयोगका तर्फबाट हार्दिक स्वागत गर्दछु ।

धन्यवाद ! ! !

प्रस्तुतः २०७६ जेठ १३ गते, ललितपुर, नेपाल ।